## आ.व.२०७७/७८ का लागि बागमती प्रदेश भित्रका सबै ११९ वटै स्थानीय तहहरुमा समपुरक तथा विशेष अनुदान बाडँफाँट गर्न आयोजना/कार्यक्रम प्रस्ताव आव्हान गरिएको सूचना

**(पहिलो पटक प्रकाशित मिति २०७६/११/१४)**

प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०७५ र प्रदेश विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७५ मा व्यवस्था भए बमोजिम स्थानीय तहहरुबाट आ.व.२०७७/७८ मा कार्यान्वयन हुने आयोजना/कार्यक्रमहरुको लागि समपूरक तथा विशेष अनुदान माग गर्न आयोजना/कार्यक्रम प्रस्ताव सहित विवरणहरु तयार गरी २०७६ चैत्र १५ गतेसम्म यस मन्त्रालयमा पठाउनुहुन यो सूचना जारी गरिएको छ।

### प्रदेश समपूरक अनुदान:

स्थानीय तहहरुले समपुरक अनुदान माग गर्दा प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०७५ को अधिनमा रहि माग गर्न सक्नेछन् ।

**कार्यविधि बमोजिम समपूरक अनुदान माग गर्ने क्षेत्र:**

- प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०७५ को दफा ३ मा उल्लेखित ७ वटा क्षेत्रहरुको अधिनमा रही योजना प्रस्ताव गर्नुपर्ने।

  समपूरक अनुदान माग गर्न सकिने क्षेत्रहरु:
  - सडक सम्बन्धी योजना तथा कार्यक्रमहरु
  - खानेपानी सम्बन्धी योजना तथा कार्यक्रमहरु
  - विद्युत सेवा उपलब्ध गराउने योजना तथा कार्यक्रम
  - विद्यालय भवन/ पर्यटकीय पूर्वाधार निर्माण
  - पुलपुलेसा तथा झोलुङ्गे पुल नभएका ठाउँमा ठुला/मझौला तथा झोलुङ्गे पुल सम्बन्धी
  - सिंचाई सम्बन्धी कार्यक्रम
  - पर्यटन, खेलकुद जस्ता पूर्वाधार विकासको क्षेत्रमा सम्भावना देखिएका क्षेत्र

**समपूरक अनुदानको रकमको सिमा:**

- योजना कार्यक्रमको कुल लागत अनुमान कम्तीमा १ करोड र बढीमा २ करोड भएको हुनुपर्ने जसमा प्रदेश सरकारले कुल लागतको बढिमा ५०% व्यहोर्ने र बाकी लागत स्थानीय तह र अन्य क्षेत्र बाट व्यहोर्नुपर्ने।
- योजना कार्यक्रम एक आर्थिक वर्ष भित्र सम्पन्न गर्न सकिने प्रकृतिको हुनुपर्नेछ ।

**संलग्न गर्नुपर्ने कागजातहरु:**

- योजना कार्यक्रम माग गर्दा कार्यविधिको नियम ७ उपदफा १ संग सम्बन्धित अनुसूची भरी कार्यालय प्रमुख बाट प्रमाणित गरि माग गर्नुपने। *
- योजना तथा कार्यक्रमको कुल लागत अनुमान सारांश(summary of cost estimates)*
- स्थानीय तहले समपूरक अनुदान माग गर्ने सम्बन्धमा गरेको निर्णयको प्रतिलिपि। *
- आयोजनाको सम्भाव्यता अध्ययन प्रतिवेदन(Feasibility study report)
- आयोजनाको विस्तृत परियोजना प्रतिवेदन(DPR) भएमा सो को प्रतिलिपी

* लगाइएका तीनवटै कागजातहरु अनिवार्य छन् ।

***समपूरक अनुदान सम्बन्धी कार्यविधि २०७५ मन्त्रालयको website: http://moeap.p3.gov.np/ को ऐन/कानुन खण्ड भित्र हेर्न तथा डाउनलोड गर्न सकिनेछ । अनुसूचीको नमुना पछिल्लो पेजमा संलग्न गरिएको छ ।***

प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालय बागमती प्रदेश हेटौंडा, मकवानपुर, नेपाल

११।१४

अनुसूची १

(कार्यविधिको दफा ७ (१)संग सम्वन्धित)

**समपूरक अनुदान माग गर्ने निवेदन**

अनुदान माग गर्ने स्थानीय तहको नाम:

ठेगाना:

फोन र फ्याक्स र इमेल:

कार्यक्रम वा आयोजनाको नाम:

कार्यक्रम वा आयोजनाको कूल लागत रु.:

कार्यक्रम वा आयोजनावाट लाभान्वित संभाव्य जनसंख्या:

कार्यक्रम वा आयोजना सम्पन्न गर्न लाग्ने समय :

कूल लागतमा स्थानीय तहको अनुपात रकम :

अन्य निजी तथा गैर सरकारी क्षेत्रको अनुपात रकम :

प्रदेश सरकारले व्यहोर्ने रकम:

संलग्न आवश्यक कागजातहरु :

१................................

२................................

३................................

**दस्तखत -**

नाम-

पद -

मिति -

***नोट: कागजात पठाउँदा सबै कागजातहरु प्रमुख प्रशासकीय अधिकृतले प्रमाणित गरी सक्कलै प्रति हुलाक बाट तथा सो को प्रतिलिपि स्क्यान गरी मन्त्रालयको email id- moeap3@gmail.com वा planning.moeap3@gmail.com मा पठाउनुहुन अनुरोध गरिन्छ ।***

प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालय बागमती प्रदेश हेटौंडा, मकवानपुर, नेपाल

११।१४

## प्रदेश विशेष अनुदान

स्थानीय तहहरुले विशेष अनुदान माग गर्दा प्रदेश विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७५ को अधिनमा रहि माग गर्न सक्नेछन्।

**विशेष अनुदान माग गर्ने क्षेत्र**

- प्रदेश विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७५ को दफा ३ मा उल्लेखित ७ वटा क्षेत्रको अधिनमा रही प्रस्ताव गर्नुपर्ने।

***विशेष अनुदान माग गर्न सकिने क्षेत्रहरु:***

- साक्षरता प्रतिशत राष्ट्रिय औषत भन्दा ज्यादै न्यून भएका क्षेत्रको शैक्षिक विकासको लागि संचालन गरिने विशेष शैक्षिक योजना तथा कार्यक्रम,
- आधारभूत स्वास्थ्य सेवाबाट बञ्चित रहेका समुदाय तथा बाल तथा मातृ मृत्यूदर अत्यधिक भएका क्षेत्रहरुमा प्रदान गरिने आधारभूत स्वास्थ्य सेवा सम्बन्धी विशेष योजना तथा कार्यक्रम,
- खानेपानी सेवाबाट बञ्चित रहेका क्षेत्र र समुदायका लागि खानेपानी सुविधा उपलव्ध गराउने विशेष योजना तथा कार्यक्रम,
- सम्बन्धित क्षेत्रमा उत्पादन भएको खाद्यान्नले सो क्षेत्रको माग धान्न अपुग भएमा त्यस्तो क्षेत्रमा खाद्यान्न उत्पादन अभिबृद्धि गर्न सञ्चालन गरिने विशेष खाद्यान्न उत्पादन अभिबृद्धि तथा वितरण सम्बन्धी योजना तथा कार्यक्रम,
- कुनै पिछडिएको क्षेत्र विशेषलाई लक्षित गरी सञ्चालन गरिने आधारभूत सेवा आपूर्ति सम्बन्धी योजना तथा कार्यक्रम,
- कुनै अल्पसंख्यक र पिछडिएको समुदायको उत्थान गरिने विशेष योजना तथा कार्यक्रम,
- सन्तुलित विकासको अवधारणा अनुसार राष्ट्रिय औषत भन्दा अति पछि परेका स्थानीय तहको सन्तुलित विकासको लागि संचालन गरिने सामाजिक विकासका विशेष योजना तथा कार्यक्रम ।

**विशेष अनुदानको रकमको सिमा:**

- योजना कार्यक्रमको कुल लागत अनुमान कम्तीमा ३० लाखको हुनुपर्ने।
- योजना कार्यक्रम एक आर्थिक वर्ष भित्र सम्पन्न गर्न सकिने प्रकृतिको हुनुपर्नेछ ।

**संलग्न गर्नुपर्ने कागजातहरु:**

- योजना कार्यक्रम माग गर्दा प्रदेश विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७५ को नियम ५ को उपदफा २ संग सम्बन्धित अनुसुचि भरि कार्यालय प्रमुख बाट प्रमाणित गरि माग गर्नुपर्ने।*
- योजना तथा कार्यक्रमको कुल लागत अनुमान सारांश(summary of cost estimates)*
- स्थानीय तहले समपूरक अनुदान माग गर्ने सम्बन्धमा गरेको निर्णयको प्रतिलिपि।*
- आयोजनाको सम्भाव्यता अध्ययन प्रतिवेदन(Feasibility study report)
- आयोजनाको विस्तृत परियोजना प्रतिवेदन(DPR) भएमा सो को प्रतिलिपी

* लगाइएका तीनवटै कागजातहरु अनिवार्य छन् ।

***विशेष अनुदान सम्बन्धी कार्यविधि २०७५ मन्त्रालयको website: http://moeap.p3.gov.np/को ऐन/कानुन खण्ड भित्र हेर्न तथा डाउनलोड गर्न सकिनेछ । अनुसूचीको नमुना पछिल्लो पेजमा संलग्न गरिएको छ ।***

प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालय बागमती प्रदेश हेटौंडा, मकवानपुर, नेपाल

११/१४

अनुसूची १
(कार्यविधिको नियम ५ (२) संग सम्वन्धित)

**विशेष अनुदान माग गर्ने निवेदन**

अनुदान माग गर्ने स्थानीय तहको नाम:

ठेगाना:

फोन र फ्याक्स र इमेल:

कार्यक्रम वा आयोजनाको नाम:

कार्यक्रम वा आयोजनाको कूल लागत रु.:

कार्यक्रम वा आयोजनावाट लाभान्वित संभाव्य जनसंख्या:

कार्यक्रम वा आयोजना सम्पन्न गर्न लाग्ने समय :

स्थानीय तहको सभाको बहुमतले पारित गरेको मिति:

दफा ५(४) मा उल्लिखित विषयहरु:

संलग्न आवश्यक कागजातहरु :

१.................................

२................................

३.................................

**दस्तखत -**

नाम-

पद -

मिति -

*नोट: कागजात पठाउँदा सबै कागजातहरु प्रमुख प्रशासकीय अधिकृतले प्रमाणित गरी सक्कलै प्रति हुलाक बाट तथा सो को प्रतिलिपि स्क्यान गरी मन्त्रालयको email id- moeap3@gmail.com वा planning.moeap3@gmail.com मा पठाउनुहुन अनुरोध गरिन्छ ।*

प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
बागमती प्रदेश
हेटौडा, मकवानपुर, नेपाल

११।१४